# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 15.08.2024**

## PM-Address: IPR

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज बिहान लाल किल्लाको प्राचीरमा राष्ट्रिय ध्वज फहराएपछि ७८औँ स्वतन्त्रता दिवसका अवसरमा राष्ट्रलाई सम्बोधन गर्दै, देश विकासको दिशा निर्धारण गर्ने भावी लक्ष्यहरूबारे जानकारी दिनुभयो। उहाँले सेमीकन्डक्टर उत्पादनमा विश्वव्यापी नेतृत्व प्राप्त गर्ने, आयात निर्भरता घटाउने र प्रविधिमा आत्मनिर्भरता बढाउने भारतको प्रतिबद्धता दोहोऱ्याउनुभयो। उहाँले 2024 को बजेटबारे उल्लेख गर्दै, देशका युवालाई तालिम दिन र देशलाई कौशल विकासको हब बनाउन सरकारले घोषणा गरेका विभिन्न कार्यक्रमहरूबारे बताउनुभयो। उहाँले भारतसँग विशाल सम्पदा रहेको बताउँदै, सरकारले सहज जीवन यापनका लागि मिसन मोडमा काम गरिरहेको जानकारी दिनुभयो। साथै, उहाँले जलवायु परिवर्तनसँग जुध्न हरित रोजगारीको महत्त्वलाई जोड दिनुभयो अनि राजनीतिक प्रणालीमा गैरराजनीतिक पृष्ठभूमिबाट आएका युवाहरूलाई समावेश गर्न जोड दिनुभयो अनि **भोकल फर लोकल** देशको अर्थव्यवस्थाको विकास मन्त्र बनेको बताउनुभयो। पछिल्लो समय प्राकृतिक प्रकोप बढ्दै गएको विषयमा प्रधानमन्त्रीले चिन्ता व्यक्त गर्दै, सरकार लघु, साना तथा मध्यम उद्यम, शिक्षा क्षेत्र, यातायात क्षेत्र, कृषि तथा स्वास्थ्य आदि क्षेत्रमा विश्वका उत्कृष्ट अभ्यासलाई समेटेर अगाडि बढिरहेको बताउनुभयो। प्रधानमन्त्रीले ब्याङ्किङ क्षेत्रमा गरिएको सुधारको पनि उल्लेख गर्नुभयो अनि  सैकडौँ स्टार्टअप्स र भाइबरेन्ट स्पेस बनाउन देश तयार रहेको उल्लेख गर्नुभयो। सरकारले अन्तरिक्ष क्षेत्रलाई बलियो बनाउन पूरा ध्यान केन्द्रित गरेको र 2036 को अलिम्पिक भारतमा आयोजना गर्ने आफ्नो सपना रहेको र यसका लागि तयारी भइरहेको जानकारी दिनुभयो।

## Sikkim Independence celebrations: IPR

सिक्किममा पनि राज्यस्तरीय स्वतन्त्रता दिवस भव्य रूपमा पालन गरियो। पाल्जर स्टेडियममा आयोजित समारोहमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो। समारोह, मुख्यमन्त्रीले राष्ट्रिय झण्डा फहराएपछि राष्ट्रिय स्यालुट र परेडद्वारा सुरुवात भएको थियो। मुख्यमन्त्रीले सिक्किमे जनता र सम्पूर्ण राष्ट्रप्रति शुभकामना व्यक्त गर्दै भन्नुभयो, आज हामी स्वाधिनता दिवस मनाउँदै छौँ र स्वतन्त्रता सेनानीहरूको सम्झना गर्दै छौँ, जसको बलिदान हाम्रा लागि समावेशी र समृद्ध भविष्यका लागि अघि बढ्ने प्रेरणाको स्रोत हो। कार्यक्रममा मुख्यमन्त्रीले वेब-आधारित एकीकृत भूमि अभिलेख व्यवस्थापन प्रणालीजस्ता धेरै महत्त्वपूर्ण पहलहरूको शुभारम्भ र उद्घाटन गर्नुभयो।  उहाँद्वारा अमीन व्यवस्थापन प्रणाली अनुप्रयोग प्रस्तुत गरिनुका साथै गान्तोक जिल्ला वरपरका विभिन्न स्थानहरूमा स्थापना गरिएको **मदर पोड** सुविधाको सुरुवात गरियो। उहाँले सिक्किम राज्य स्थापनाको 50 वर्ष पूरा भएकोमा आधिकारिक लोगो र जिङ्गल पनि अनावरण गर्नुभयो। विज्ञान र प्रविधि विभाग सिक्किमद्वारा एक्विफर आधारित स्प्रिङ शेड व्यवस्थापन सिकाइसम्बन्धी प्रशीक्षण भिडियोको पोस्टर जारी गरियो। साथै, रणनीतिक शहरी भिजन कागजात SK UD 2047 को सुरुवात भयो अनि  तथ्याङ्कीय जर्नल 2024 पुस्तक विमोचन गरियो।  यस अवसरमा मुख्यमन्त्रीले सिक्किम सरकारका कर्मचारीहरूलाई उनीहरूले पेशागत जीवनमा राज्यप्रति गरेको सेवा र समर्पणका लागि राज्य मेधावी सेवा पुरस्कार प्रदान गर्नुभयो।

## HC and six districts celebrates Independence Day: IPR

साथै, गान्तोकलगायत राज्यका अन्य सबै जिल्ला नाम्ची, गेजिङ, पाकिम, सोरेङ र मङ्गनमा पनि 78 औँ स्वतन्त्रता दिवस भव्य रूपमा पालन गरियो। त्यसबाहेक, सिक्किम उच्च अदालत र सिक्किम राज्य कानुनी सेवा प्राधिकरणले आ-आफ्नो परिसरमा स्वतन्त्रता दिवस पालन गरे। उच्च अदालतको समारोहमा मुख्य न्यायधीश विश्वनाथ सोमाद्दरले र प्राधिकरणको समारोहमा उच्च अदालतका न्यायधीश एवं लोकायुक्त सिक्किमका कार्यकारी अध्यक्ष न्यायधीश मिनाक्षी राईले झण्डोत्तलन गर्नुभयो।

## Independence Football: Sagar Chettri

खज्वावल भेङ्थार फुटबल क्लब, मिजोरमले लगातार दोस्रो पटक छोग्याल सर टाशी नामग्याल स्मृति स्वतन्त्रता दिवस फुटबल प्रतियोगिता 2024 को उपाधि जितेको छ। पाल्जर स्टेडियममा आज दिउँसो भएको फाइनल खेलमा साविक च्याम्पियन खज्वावल भेङ्थार एफ.सी.-ले ए.पी.एफ नेपाललाई 2-0 गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो। यो टर्नमेन्ट सिक्किम फुटबल संघद्वारा गृह विभाग, सिक्किम सरकारको संरक्षणमा आयोजित गरिएको हो र यो वार्षिक प्रतियोगिता राज्य स्तरीय स्वतन्त्रता दिवस समारोहको मुख्य आकर्षण हो। फाइनल खेलको प्रमुख अतिथिका रूपमा राज्यपाल ओमप्रकाश माथुर उपस्थित हुनुहुन्थ्यो। विजेता टोलीले ट्रफी र मेडलसहित नगद 1 लाख र उपविजेताले ट्रफी र मेडलसहित नगद 50 हजार प्राप्त गरे।